# धरान उपमहानगरपालिका

# धरान राजपत्र

खण्ड६ : धरान उपमहानगरपालिकाद्वारा प्रकाशित

संख्या२ :

मिति २०७९।११।१८

भाग २

धरान उपमहानगरपालिका

# तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधि २०७९

# तीनपाङ्ग्रे(ई-रिक्सा) सम्बन्धी कार्यविधि , २०७९

स्वीकृत मितिः २०७९/११/१६

प्रदेश ई-रिक्सा तथा यातायात व्यवस्था ऐन २०७६ को दफा १४ को उपदफा (२) र प्रदेश ई-रिक्सा तथा यातायात व्यवस्था नियमावली २०७७ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यलय कोशी प्रदेश, सुनसरीले यस उपमहानगरपालिका भित्र तीनपाङ्ग्रे(ई-रिक्सा) को दर्ता, नवीकरण र नियमन गर्न यो कार्याविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**१. यस कार्यविधिको नाम तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्याविधि,२०७९ रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकावाट स्वीकृतभई राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

२. **कार्यविधिको प्रयोगः** यो कार्याविधिको प्रयोग धरान उपमहानगरपालिकाले गर्नेछ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,

(क) **"ऐन"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनुपर्छ।

(ख) **"नियमावली"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ सम्झनुपर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश को सडक यातायात संग सम्बन्धीत मन्त्रालय सम्झनुपर्छ ।

(घ) **"यातायात कार्यलय"** भन्नाले यातायात व्यवस्था/ सेवा कार्यालय सम्झनुपर्छ।

(ङ) **"नगरपालिका"** भन्नाले धरान उपमहानगरपालिका सम्झनुपर्छ।

(च) **"प्रमुख "** भन्नाले धरान उपमहानगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धरान उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) **"मेकानिकल इन्जिनियर "** भन्नाले धरान उपमहानगरपालिका को मेकानिकल इन्जिनियर भन्ने सम्झनुपर्छ । यस शब्दले मेकानिकल इन्जिनियरको काम गर्न नगरपालिकावाट तोकिएको व्यक्तिलाई समेत जनाउने छ ।

(ज) **"ई-रिक्सा"** भन्नाले तीनपाङ्ग्रे (बिजुली/ब्याट्री / ग्याँसबाटचल्ने) ई-रिक्सालाई सम्झनुपर्छ।

(ज) **"कार्यपालिका "**भन्नाले धरान उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ज) **"तोकिएको "** भन्नाले नगरपालिकाको आर्थिक ऐनले तोकेको भन्ने सम्झनुपर्छ।

४. **कार्यविधिको व्याख्या:** यो कार्याविधि कार्यान्वयनको शिलशिलामा कुनै द्बुविधा भएमा सोको व्याख्या गर्ने अधिकार कार्यपालिकाको हुनेछ।

५. **बाझिएमा गर्ने:**

(१) कार्यविधिमा उल्लेखित व्यवस्था ऐन एवम् नियमावलीमा उल्लेखित व्यवस्थासँग बाझिएमा ऐन एवम् नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) कायाविधिमा उल्लेखित व्यवस्थासँग साविकमा भएका परीपत्रहरु बाझिन गएमा यस कार्यविधिको व्यवस्था नै लागू गर्नु पर्नेछ।

६. **संशोधन र थपघट गर्न सकिने:** कार्यपालिकाले यस कार्यविधीमा यस कार्यविधिमा आवस्यको अनुसार संशोधन वा थपघट गर्न सक्नेछ ।

७. **कार्यविधिको पालना गर्नुपर्ने**: यस कार्यविधिमा भएको व्यवस्थाहरुको पालना सम्बन्धीत सबै पक्षले गर्नु पर्नेछ।

## परिच्छेद-२

## दर्ता तथा नामसारी सम्बन्धी व्यवस्था

८. **ई-रिक्सा दर्ता:**

(१) नगरपालिकामा ई-रिक्सा दर्ता गराउँदा देहायका कागजात संलग्न राखी नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ। दरखास्त दिने व्यक्तिको सवारी चालक अनुमती पत्र हुनुपर्नेछ । एक सवारी चालक अनुमतिले एउटा मात्र ई-रिक्सा दर्ता गर्न सकिने छ ।

(२) यस अघि नै यातायात व्यवस्था/ सेवा कार्यालयमा दर्ता भएका ई-रिक्साहरुले समेत यो कार्यविधि लागु भए पछि यातायात व्यवस्था कार्यालयवाट प्राप्तहुने नियमावलीको अनुसूची—७ बमोजिमको स्थानान्तरण-पत्र सहित उपदफा १ बमोजिमको दरखास्त दिनु पर्नेछ।

(३) कोशी प्रदेशको अन्य कुनै पालिकाबाट यस पालिका मा स्थानान्तरण हुन चाहाने ई-रिक्साहरुले यस उपमहानगरपालिका वाट पूर्व स्वीकृती लिइ उपदफा एक बमोजिम दरखास्त दिनु पर्नेछ।

(४) उपदफा (१) (२) र (३) वमोजिम दर्ताहुन दर्खास्त दिने ई-रिक्साको धनीलाई पेश भएका कागजातहरू जाँच गर्दा दर्ता गर्न उपयुक्त देखिएमा नगरपालिकाले पन्ध्र दिनभित्रमा दर्तागरी दर्ता प्रमाण पत्र सहित अनुसुचि-३ बमोजिम कोड, अक्षर र अङ्क सहित नम्बर संकेत दिनेछ ।

(५) उपदफा ४ बमोजिम प्राप्त नम्बरसंकेत ई-रिक्सा धनिले सम्बन्धित ई-रिक्सामा प्रष्ट रुपमा देखिने गरी तत्काल राखुपर्नेछ ।

द्रस्टव्यः- यस उपदफाको प्रयोजनकालागि तत्काल भन्नाले तीनदिन सम्झनु पर्नेछ ।

(६) दर्ताप्रमाण-पत्र प्रत्येक आर्थिक बर्षको असार २५ गते भित्र अर्को आर्थिक बर्षकालागि नविकरण गरि सक्नु पर्ने छ ।तोकिएको अबधि भित्र नविकरण नगरेमा आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना लिई श्रावण मसान्त सम्ममा नविकरण गर्न सकिनेछ ।सो जरिवानाको अवधि समेत समाप्त

भै नविकरण नगरेमा त्यस्तो ई रिक्साको दर्ता स्वत: खारेज हुनेछ ।

९. **<u>ई-रिक्साको स्थानान्तरण सहमतिः</u>**(१) यस पालिकामा दर्ता भएको ई-रिक्सा अन्य पालिकामा स्थानान्तरण हुन चाहेमा सहमतिका लागी अनुसुचि-१ बमोजिमको दस्तुर सहित अनुसुचि-६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्ने छ ।

(२) स्थानान्तरण सहमति दिदा त्यस्तो ई-रिक्साबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानून बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल उपर गर्नुपर्ने रहेछ भने त्यस्तो बक्यौता असुल उपर गरेरमात्र सहमति दिईनेछ।

(३) अन्य पालिकाबाट स्थानान्तरण भै आउन पेश भएको निवेदनका उचित कारण भएका भाग स्थातान्तरण भै आउन सहमति दिईने छ ।

(४) त्यसरी सहमति दिएको एक हप्तो भित्र

(५) स्थानान्तरण भै जाने पालिकाको सहमति समेत पेश गर्नु पर्नेछ ।

१०. **<u>ई रिक्साको रङ्ग र स्वरुप परिवर्तन सम्बन्धी व्यवस्थाः</u>**

(१) ई-रिक्साधनीले संचालनमा रहेको ई-रिक्साको रङ्ग रस्वरुप परिवर्तन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-७ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो ई-रिक्साको रंङ्ग र स्वरूप परिवर्तन गर्न तोकिए बमोजिमको दस्तुर लिइ कार्यपालिकाले स्वीकृत दिन सक्नेछ।

११. <u>लिलाम दर्ताः</u>

(१)लिलाम बिक्रिबाट प्राप्त ई-रिक्सा दर्ता गराउन चाहने व्यक्ति, संघसंस्थाले लिलाम बिक्रि गरी ई-रिक्सा प्राप्त गर्दाको अवस्थाका सम्पूर्ण कागजपत्रहरुको प्रतिलिपि संलग्न गरी अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ई-रिक्सा लिलाम बिक्रिको सूचना प्रकाशित गर्दा नै लिलाम बिक्रिको सूचना प्रकाशित गर्ने सरकारी कार्यालय वा अन्य संघ संस्थाले ई-रिक्सा दर्ता गरी संचालन गर्न सक्ने वा पत्रु (स्क्रयाव) कुन प्रयोजनका लागि लिलम गर्न लागेको प्रष्ट खुल्ने गरी सूचना प्रकाशित गरेको हुनु पर्ने छ र त्यस्तो प्रकृतिका ईरिक्सा दर्ता हुन निवेदन दिदा त्यस्तो सूचना समेत संलग्न गर्नु पर्ने छ ।

(३) उपनियम (१) बमोजिमको दरखास्त नगरपालिकामा पर्न आएमा त्यस्तो दरखास्त सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन, नियमावली तथा यस कार्यविधीको अधिनमा रही ई-रिक्सा दर्ता गरी दरखास्तवालालाई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुचि -५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ ।तर लिलाम विक्रि गर्दा पत्रु(स्क्रयाव)भनी उल्लेख भएमा दर्ता गरिने छैन ।

१२. **दर्ताको प्रमाण-पत्र नवीकरणः**

(१) ई-रिक्सा दर्ता प्रमाण-पत्रमा लेखिएको म्याद नाघेको ९० दिन भित्र दर्ताको प्रमाण-पत्र नवीकरण गराउन अनुसूची-

१ बमोजिमको दस्तुर सहित नगरपालिकामा अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ई-रिक्साधनी वा निजल वरिसवाला व्यक्तीले उपदफा (१) बमोजिम दर्ताको प्रमाण-पत्रनवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र सहितको दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाण-पत्रसहितको दरखास्त पेश हुन आएमा नगरपालिकाले त्यस्तो दर्ताको प्रमाण-पत्र अर्को एक वर्षको लागी नवीकरण गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको म्याद नाघे पछि दर्ताको प्रमाण-पत्र नवीकरण गराउन दरखास्त दिने ई-रिक्सा धनीबाट नवीकरण दस्तुरको अतिरिक्त तोकिएको जरिवाना लिई त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गर्नु पर्नेछ ।

**१३. <u>ई-रिक्साको नामसारीः</u>**

(१) कुनै व्यक्तिको नाममा दर्ता भएको ई-रिक्सा अन्य व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित ई-रिक्साधनीले नगरपालिकामा ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ई-रिक्साको नामसारी गर्दा खरिदकर्ता र बिक्रिकर्ता दुवै नगरपालिकामा उपस्थित हुनु पर्नेछ र यसरी नामसारी गर्न आउँदा ई-रिक्सा खरिद तथा बिक्रिकर्ताले नागरिकताको

सक्कल र अभिलेख प्रयोजनको लागि प्रतिलिपि साथै पेश गर्नु पर्नेछ।

(३) नावालकको नाममा नामसारी गर्नु परेमा नावालकको जन्म दर्ता प्रमाणपत्र, संरक्षक वा माथवर भएको वडाको सिफारिस, संरक्षक वा माथवरको नागरिकताको प्रमाणपत्र तथा दुवैको पासपोर्ट साइजको दुई/दुई प्रति फोटो समेत लिई उपस्थित हुनु पर्नेछ।

(४) नामसारी गर्दा ई-रिक्सा नगरपालिकामा अनिवार्यरुपमा ल्याउनु पर्नेछ।

(५) ई-रिक्सा जुन पालिकामा दर्ता रहेको छ सोही पालिकामा मात्र नामसारी गर्नु पर्नेछ।

(६) ई-रिक्सा आयातकर्ता, कम्पनी वा डिलरले ई-रिक्सा बिक्रि गरी बिल काटेको मितिले साठी दिनभित्र सम्बन्धित खरिदकर्ताको नाममा नामसारी गरिसक्नु पर्नेछ र त्यस्तो म्याद नाघी नामसारी गर्न आएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना असुल गरेर मात्र नामसारी गरिने छ ।

(७) ई-रिक्सा नामसारी गर्न चाहने व्यक्ति बिरामी भई अशक्त भएमा सम्बन्धित अस्पतालको सिफारिस र उमेरका कारणले अशक्त भएमा सम्बन्धित वडाको सिफारिस र कारागार वा हिरासतमा रहेको भए सम्बन्धित कार्यालयको सिफारिसमा नगरपालिकाले कम्तिमा अधिकृत तहको कर्मचारीलाई डोर खटाई ई-रिक्साधनी भएको स्थानमा गई सनाखत गराई सम्बन्धित ई-रिक्साधनीबाट अनुसूची-१ बमोजिम डोर दस्तुर दिई पालिकामा नामसारी गरिदिईनेछ।

(८) ई-रिक्सा नाबालकको नाममा दर्ता वा नावालकको नामबाट अरु कसैका नाममा नामसारी गर्नु परेमा ऐन, नियमावली तथा यस कार्यविधीमा भएको व्यवस्थाको अतिरिक्त प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही संरक्षक वा माथवरको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिईनेछ।

(९) ई-रिक्साधनी देश बाहिर वा देश भित्रै भए पनि सम्बन्धित पालिका भन्दा धेरै टाढा बसोबास गरी सम्बन्धित पालिकामा उपस्थित हुन नसकेको अवस्थामा प्रचलित कानून बमोजिम जारी भएको अधिकृत वारेसनामा पेश गरेमा त्यस्तो अधिकृत वारेसनामाको आधारमा आवश्यक जाँचवुझ गरी ई-रिक्साको बिक्रि वा नामसारी गर्न सकिनेछ।

(१०) ई-रिक्सा बिक्रि गर्ने धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भए नामसारी हुने मितिभन्दा अगाडि ई-रिक्साधनी पालिकामा उपस्थित भई सम्बन्धित स्रेस्ता तथा नामसारी फारममा ल्याप्चे सहीछाप सहित सनाखत गर्न पालिकामा निवेदन दिएमा र निवेदन मनासिव देखेमा सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकता सहित कागजात हेरी सो व्यहोरा प्रमाणित गरी सोही सनाखतको आधारमा सनाखत भएको मितिले पैंतीस दिन भित्र नामसारी गरिदिनु पर्नेछ।

(११) उपनियम (१) बमोजिम ई-रिक्सा नामसारीका लागि दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस

कार्यविधिको अधीनमा रही ई-रिक्साको नामसारी गरिदिनु पर्नेछ।

१४. **धनीको मृत्यु भएको ई-रिक्साको नामसारी सम्बन्धमा**

(१)दर्ताभएको कुनै ई-रिक्साधनीको मृत्यु हुन गएमा र उक्त ई-रिक्साधनीको प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो ई-रिक्सा आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ३७ को उपदफा (६) मा उल्लेख भए बमोजिम तपशिलका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको दस्तुर सहित नगरपालिकामा अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ई-रिक्साधनीको मृत्यु भई मृतकको नामबाट हकवालाको नाममा नामसारी गर्दा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित भएको प्रमाणपत्र साथै मृतकको कानुन बमोजिम हकवाला हो भन्ने सम्बन्धित वडाको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ई-रिक्साको नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस कार्यविधीको अधीनमा रही ई-रिक्साको नामसारी गरिदिईने छ ।

१५. **ई-रिक्सा नामसारी नहुने:**(१) नियम १३ र १४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको नाममा दर्ता रहेको ई-रिक्सा दुर्घटना वा अन्य कारणबाट क्षातिग्रस्त भई त्यस्तो ई-रिक्साको ई-मोटर र चेसिस दुवै बिग्रिई काम नलाग्ने

अवस्थामा रहेछ भने त्यसरी बिग्रिएको अवस्थामा ई-रिक्सा नामसारी हुने छैन ।

(२) प्रचलित कानून बमोजिम ई-रिक्सा नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक वेहक छुट्याउनु पर्ने अवस्थामा वा अन्य कारणबाट अदालतमा मुद्दा परी बिचाराधिन अवस्थामा रहेछ भने त्यस्तो मुद्दाको अन्तिम किराना नलागेसम्म त्यस्तो ई-रिक्साको नामसारी हुने छैन।

१६. **<u>दर्ता प्रमाण-पत्रको निलम्बनः</u>**(१) देहायको कार्य गरेको पाइएमा नगरपालिकाले त्यस्तो ई-रिक्साको दर्ताको प्रमाण-पत्र ६ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) समय-समयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित ई-रिक्सा चलाएमा वा

(ख) नगरपालिकाले तोकेको रुटभन्दा अन्य रुटमा पटक पटक चलाएको पाइएमा वा

(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाइएमा।

१७. **<u>दर्ता प्रमाण-पत्र खारेजी सम्बन्धी व्यवस्थाः</u>**

(१)ऐनको दफा ४१ बमोजिम कुनै ई-रिक्साधनीले त्यस्तो ई-रिक्साको दर्ताको प्रमाण-पत्र खारेज गरी लगतकट्टा गराउन चाहेमा नगरपालिकामा अनुसूची-१२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) कुनै ई-रिक्सा काम नलाग्ने गरी नासिएमा, कानून बमोजिम अन्य पालिका लगिएमा, नभेटिने गरी हराएमा वा ई-रिक्साधनीले आफ्नो स्व-इच्छाले ई-रिक्साको लगत कट्टा गरिदिन उपनियम (१) बमोजिम निवेदन दिएमा लगतकट्टा गर्ने त्यस्तो ई-रिक्साको सम्बन्धित अधिकारीको रोहवरमा ई-मोटर र चेसिस पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गरेर मात्र दर्ता खारेजी गरी लगतकट्टा गरिदिनु पर्नेछ।

(३) कुनै ई-रिक्सा काम नलाग्ने गरी वा नभेट्ने गरी हराएमा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का सहितको सिफारिस, सम्बन्धित अधिकारीको स्थलगत प्रतिवेदन, ई-रिक्सा धनीको नभेटिएको वा काम नलाग्ने गरी नासिएको हो भन्ने स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र, कानून बमोजिम बिदेश लगिएको ई-रिक्साको हकमा बिदेशमा लगिएको पुष्टी हुने कागजात पेश गरिसकेपछि मात्र त्यस्तो ई-रिक्साको दर्ता खारेजी गरी लगतकट्टा गर्नु पर्नेछ।

(४) यस कार्यविधीको ९ नं को (३) बमोजिम सरुवा सहमति भई गएको ई-रिक्साको लगतकट्टा गर्नु पर्नेछ।

(५) ई-रिक्साको लगतकट्टा गर्दा त्यस्तो ई-रिक्साबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानून बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल उपर गर्नुपर्ने रहेछ भने त्यस्तो बक्यौता असुल गरेर मात्र ई-रिक्साको दर्ता खारेज गरी लगतकट्टा गरिनेछ।

**१८.** **<u>दर्ता प्रमाण-पत्रको प्रतिलिपिः</u>** (१) ऐनको दफा ४३ मा उल्लिखित अवस्था परी कुनै ई-रिक्साको दर्ता प्रमाण-पत्रको

प्रतिलिपि आवश्यक परेमा सम्बन्धित ई-रिक्साधनीले अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१३ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ । तर हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा नगरपालिकाले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ता प्रमाण-पत्रको प्रतिलिपि दिईनेछ।

## परिच्छेद-२

## ई-रिक्सा व्यवस्थापन तथा जाँचपास

१९. **बाटो इजाजत-पत्र** (१) यस **कार्यविधि** बमोजिम दर्ता भएका ई-रिक्साले नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न बाटोको ईजाजत लिनु पर्ने छ । त्यस्तो बाटो इजाजत-पत्र लिन ई-रिक्साधनी वा व्यवस्थापकले बाटो इजाजत-पत्रको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित नगरपालिकामा अनुसूची-१४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) नगरपालिकामा दर्ता भएका ई-रिक्साहरुकालागि नगरपालिकाले रुट बाटोको निर्धारण गर्नुपर्ने छ ।

(३) बाटो इजापत्र पत्र दिदा नगरपालिकाले कायम गरेको रुटहरुमा रुट तोकि सोही बमोजिम दिइनेछ । त्यसरी रुट तोक्दा राष्ट्रिय राजमार्गमा संचालन गर्ने गरी तोकिने छैन तर राष्ट्रिय राजमार्ग क्रस गर्ने गरी ई-रिक्सा संचालन गर्न रोक लागाइने छैन ।

(४) कसैले यस नगरपालिकासँग जोडिएको अन्य पालिकाको क्षेत्रभित्र पर्ने गरी बाटो इजाजत माग गरेमा अर्को सम्बन्धित पालिकाको सहमति-पत्रको आधारमा मात्र बाटो इजाजत-पत्र दिन सकिनेछ। तर राजमार्ग हुदै अर्को पालिका सम्म जाने भएमा त्यस्तो अनुमति दिईने छैन ।

(५) उपनियम (१) बमोजिम बाटो ईजाजतकालागि दरखास्त पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुसूची-१५ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुची-१६ बमोजिमको ढाँचामा तोकिएको रुटमा संचालन गर्ने बाटो इजाजत-पत्र दिनेछ।

२०. **पटके बाटो इजाजत पत्रः** (१) यस नगरपालिका भित्र दर्ता भएका ई-रिक्सा अन्य पालिकामा एक पटक गएर फर्किनको लागि नगरपालिकाले तोकेको स्थानबाट पटके बाटो ईजाजत लिनको लागी अनुसुचि-१ बमोजिमको दस्तुर सहित अनुसुचि-१७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) **कोशी प्रदेश**को अन्य पालिकमा दर्ता भएका ई-रिक्सा यस नगरपालिकामा आएर फर्कनु पर्ने भएमा नगरपालिकाले तोकेको स्थानबाट पटके बाटो ईजाजत लिनको लागी अनुसुचि-१ बमोजिमको दस्तुर सहित अनुसुचि-१८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुसुचि-१९ बमोजिमको पटके बाटो इजाजत-पत्र दिनेछ।

(४) पटके बाटो इजाजत-पत्र सिमाना जोडिएका कुनै एक पालिकाबाट लिन सकिने छ ।

२१. **<u>बाटो इजाजत-पत्रको निलम्बनः</u>** (१) देहायको कार्य गरेको पाइएमा नगपालिकाले त्यस्तो ई-रिक्साको बाटो इजाजत पत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित ई-रिक्सा चलाएमा वा

(ख) नगरपालिकाले स्वीकृत दिएको रुटभन्दा अन्य रुटमा पटक पटक चलाएको पाइएमा वा

(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाइएमा।

२२. **<u>बाटो इजाजत-पत्रको खारेजीः</u>**यस कार्यविधिको(१६)नं बमोजिम दर्ता प्रमाणपत्र खारेज हुँदा बाटो इजाजत पत्र स्वत: खारेज हुने छ ।

२३. **<u>बाटो इजाजत-पत्रको नामसारीः</u>**यस कार्यविधिको (१२) र (१३)नं बमोजिम दर्ता प्रमाणपत्र नामसारी हुँदा बाटो इजाजत पत्र स्वतः नामसारी हुने छ ।

२४. **<u>बाटो इजाजत-पत्रको प्रतिलिपीः</u>**

(१)बाटो इजाजत पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा ई-रिक्सा धनी वा व्यवस्थापकले बाटो इजाजत पत्रको प्रतिलिपिको लिननगरपालिकामा अनुसुचि-१ बमोजिमको दस्तुर सहित अनुसुचि-२० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी बाटो इजाजत-पत्रको प्रतिलिपि दिनेछ।

२५. **जाँचपास प्रमाणपत्रः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको सार्वजनिक ई-रिक्साको जाँचपास प्रमाणपत्र लिनको लागि अनुसूचि-१ बमोजिमको दस्तुर सहितअनुसूचि-२१ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।जाँचपास प्रमाणपत्र बिना सार्वजनिक इ-रिक्सा सञ्चालन गर्न पाइने छैन ।

(२) कम्पनी वा डिलरका नामबाट नामसारी गरी सार्वजनिक ई-रिक्सा संचालन गर्न चाहने व्यक्ति वा संघ/सस्थाले आफ्नो नाममा ई-रिक्सा नामसारी भएको मितिले सात दिन भित्र जाँचपासको प्रमाणपत्र लिई सक्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जाँचपास प्रमाण पत्रका लागि दरखास्त पर्न आएमा नगरपालिकाले मेकानिकल ईन्जिनियर मार्फत चेकजाँच गर्न लगाई जाँचपास विवरण फारम बमोजिमको व्यहोरा ठिक देखिन आएमाअनुसुचि-२२ बमोजिमको जाँचपास कितावमा दर्ता गरी अनुसूचि-२४ बमोजिमको ढाँचामा छ महिना म्याद भएको जाँचपास प्रमाणपत्र दिनुपर्ने छ ।

२६. **जाँचपास प्रमाणपत्रको प्रतिलिपि :**

(१) कुनै ई-रिक्साको सक्कल जाँचपास प्रमणपत्र हराएमा, च्यातिएमा, झुत्रो भै नबुझिने भएमा वा अन्य कारणबाट नासिएमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि अनुसूचि-१ बमोजिमको दस्तुर

सहित अनुसूचि-२१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ । तर त्यस्तो जाँचपास प्रमाणपत्र हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस अनिवार्य संलग्न गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा नगरपालिकालेआवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

२७. **जाँचपास किताब** :२५ र २६नं बमोजिम जाँचपास प्रमाणपत्र दिइएको,नविकरण गरिएको व्यहोरा अद्यावधिक रुपमा राख्न नगरपालिकाले अनुसूचि-२१ बमोजिमको ढाँचामा जाँचपास किताब तयार गरी राख्नु पर्नेछ ।

२८. **बिमा सम्बन्धी व्यवस्था:** विमा समितिबाट लागु भएको मोटर विमा दर सम्बन्धी निर्देशिका बमोजिम ई-रिक्सा धनी वा व्यवस्थापकले प्रत्येक ई-रिक्साको विमा गरी विमा अवधि कायम रहेकोनरहेको विमालेख हेरी विमा अवधि कायम रहेको अबस्थामा मात्र ई-रिक्साको दर्ता, नामसारी, नविकरण लगायतका सेवा प्रदान गरिने छ ।

२९. **ई-रिक्साको निरीक्षण तथा अनुगमनः** यस नगरपालिकामा दर्ता भएका ई-रिक्साको निरीक्षण तथा अनुगमन नगरपालिकाले गर्ने छ । साथै मन्त्रालयर यातायात व्यबस्था कार्यालय साथै ट्राफिक प्रहरी कार्यालयले समेत अनुगमन गर्न सक्नेछन ।

## अनुसूची-१

### ई-रिक्साको विभिन्न दस्तुर तालिका

धरान उपमहानगरपालिकाको आर्थिक ऐन २०७९ अनुसार तपशिल अनुसार रहेको छ ।

| क्र.स. | शुल्कको विवरण | ई-रिक्साको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | दर्ता | निजी | १००० |
| | | सार्वजनिक | १५०० |
| २. | परिवर्तन, हेरफेर | निजी | ५०० |
| | | सार्वजनिक | ५०० |
| ३. | दर्ताको प्रमाण-पत्र नवीरकण | निजी | ४०० |
| | | सार्वजनिक | ३०० |
| ४. | नामसारी | निजी | ८०० |
| | | सार्वजनिक | १००० |
| ५. | डोर दस्तुर | निजी | |
| | | सार्वजनिक | |
| ६. | दर्ताको प्रमाण-पत्र प्रतिलिपी | निजी | १०० |
| | | सार्वजनिक | १०० |
| ७. | बाटो इजाजत-पत्र | सार्वजनिक | ५०० |
| ८. | बाटो इजाजत-पत्र नवीकरण | सार्वजनिक | ३०० |
| ९. | बाटो इजाजत-पत्र नामसारी | सार्वजनिक | ५०० |

| | | | |
|---|---|---|---|
| १०. | बाटो इजाजत-पत्र प्रतिलिपी | सार्वजनिक | २०० |
| ११. | ई-रिक्साको जाँचपास प्रमाणपत्र | सार्वजनिक | ३०० |
| १२. | ई-रिक्साको जाँचपास प्रमाणपत्रको प्रतिलिपि | सार्वजनिक | २०० |
| १३ | अस्थायी रुट परमिट(पटके दैनिक) | सार्वजनिक | ५० |

स्पष्टीकरण :संस्थानका ई-रिक्साहरुको दस्तुर सार्वजनिक ई-रिक्सा सरह र सरकारी ईरिक्साहरुको दस्तुर निजी सरह लाग्नेछ।

## अनुसूची-२
## नियम ८ को उपनियम (१) , (२) र (३) सँग सम्बन्धित
## ई-रिक्सा दर्ता तथा नामसारी गर्न दिइने दरखास्त

**धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**
**धरान १२, सुनसरी**

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको निम्न विवरण भएको ई-रिक्सा शुरु/ स्थान्तरण/ सरुवा दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं। उक्त ई-रिक्सा जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. ई-रिक्सा दर्ता गराउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः- (क) स्थायीः-
(ख) अस्थायीः-
३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा):-
४. ई-रिक्सामा भएको दर्ता नं. (साविकको):-
५. ई-रिक्साको किसिमः-
६. ई-रिक्सा बनाउने कम्पनीको नामः-
७. ई-रिक्साको मोडेल नं. (निर्माण भएको साल)
८. ई-रिक्साको क्षमता.:-
९. ई-रिक्साको चेसिस नं.:-
१०. ई-रिक्साको रङ्गः-
११. ई-रिक्सामा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१२. ई-रिक्साको वजन क्षमताः- (क) कुल वजनः-

(ख) भारवहन क्षमताः-

(ग) सिट संख्याः-

१३. प्रयोगः-

१४. चलाउने क्षेत्रः-

१५. भन्सार तिरेको निस्साः-

(क) भन्सार कार्यालयको नामः-

(ख) प्रज्ञापन पत्र नं.:-

(ग) रसिद नं.:-

(घ) मितिः-

१६. झिकाउने इजाजत पाएको निस्सा

(क) निस्सा दिने कार्यालय:-

(ख) निस्सा प्रमाणपत्र नं.:-

(ग) मिति:-

१७. अन्य प्रमाणपत्रको विवरणः-

क. निवेदनको नागरिकताको प्रमाणपत्रको प्रतिलिपीः

ख. सवारी चालक अनुमती पत्रको प्रतिलिपीः

दरखास्तवालाको सहीः-

नाम, थरः-

ठेगानाः-

सम्पर्क नं.-

मितिः-

---

**कार्यालय प्रयोजनको लागि**

ई-रिक्सानिरीक्षणको व्यहोराः-

ई-रिक्सा नं. ......................मो. नं..................चे.न......................

अन्य व्यहोरा भए खुलाउने.............................................................

प्रदान गरिएको दर्ता नं.:-

दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट ई-रिक्सा दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

| | |
|---|---|
| .......................... | ..................................... |
| फाँटवालाको सही | दर्ता गर्ने अधिकारीको सही |

## अनुसूची-३

### (नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

### नगर पालिकाले दिइने ई-रिक्साई-रिक्साको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)

(क) साना (टेम्पो, अटोरिक्सा आदि जस्ता तीनपाङग्रे) ई-रिक्सा साधनहरुको लागि।

| स्थानीय तहको नाम | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| धरान | स | ह | क्ष | त्र | - |

**उदाहरणार्थः** धरानउपमहानगरपालिकामा दर्ता भइ ई-रिक्सा समूह अङ्क ००१ र दर्ता नम्बर ११०० भएको निजी तीनपाङ्ग्रे (ई-रिक्सा) ई-रिक्सामा देहाय बमोजिमको नम्वर प्लेट राख्ने।

| अगाडी | पछाडी |
|---|---|
| धरान उपमहानगरपालिका<br>००१स११०० | वा ध उ म न पा धरान<br>उपमहानगरपालिका<br>००१स००११ |

(ख) यस्तो दर्ता नम्बर एउटा सङ्केत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखी ९९९९) सम्म मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक सङ्केत अक्षरमा चार अङ्कको सबैभन्दा ठुलो सङ्ख्या (९९९९) पुगेपछि क्रमशः अर्को सङ्केत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ।

## अनुसूची-४
**(नियम ३ को उपनियम (२५) सँग सम्बन्धित)**

**ई-रिक्सा दर्ता किताब**

**धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**सुनसरी, प्रदेश नं. १**

ई-रिक्सा दर्ता नम्बर-

ई-रिक्साको किसिम-

ई-रिक्साको दर्ता मिति-

ई-रिक्सा धनीको फोटो

**ई-रिक्सा दर्ता लगत विवरण**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

| ई-रिक्साको विस्तृत विवरण | ई-रिक्सा दर्ता गराउने निस्साहरुको विवरण | ई-रिक्सा धनीको नाम थर र ठेगाना | ई-रिक्सा धनीको दस्तखत | ई-रिक्साको नामसारी | | ई-रिक्साको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवाला को दस्तखत | ई-रिक्सा दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| 1. ई-रिक्साको दर्ता नम्बर-<br>2. ई-रिक्सा दर्ता मिति-<br>3. ई-रिक्साको मोडेल वा निर्माण भएको वर्ष-<br>4. बनाउने कम्पनी-<br>7. कुल बजन-<br>8. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>10. इन्जिन नम्बर- | 1. भन्सार तिरेको निस्सा-<br>(क) भन्सार कार्यालयको नाम-<br>(ख) प्रज्ञापन पत्र नम्बर<br>(ग) रसिद नम्बर-<br>(घ) मिति-<br>(ङ) अन्य-<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा- | | | | | | | | | | |

## अनुसूची-५
**(नियम ८ को उपनियम (५) सँग सम्बन्धित)**
**ई-रिक्सा दर्ता प्रमाण पत्रको ढाँचा**
**धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी प्रदेश नं १**

| ई-रिक्सा धनीको फोटो |
|---|

**ई-रिक्सा दर्ता नं. ...................**
**ई-रिक्साको किसिमः ...................अधिकृतको सही**
**दर्ता मितिः .............................**
**ई-रिक्सा धनीको नाम थर, वतनः ...........................**
**ई-रिक्सा धनीको हस्ताक्षरः**

**दर्ता गर्ने अधिकारीको**
**हस्ताक्षरः ....................**
**मितिः.................**
**नामसारी भएको मिति**

**ई-रिक्सा धनीको नाम, थर, वतनः .......................................**

**नामसारी गर्ने अधिकारीको**
**हस्ताक्षरः .................**

## अनुसूचि-६
### (नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
### ई- रिक्साको सरुवा सहमती लिनका लागी दिइने दरखास्त

**श्री धरान उपमहानगरपालिका,**
**सुनसरी, प्रदेश नं १, नेपाल**

मेरो/हाम्रो नाममा यस धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमादर्ता कायम रहेको निम्न विवरण भएको ई-रिक्सा .................... कार्यपालिका कार्यालयमा सरुवा लैजानकालागि सहमति दिनहुनतपशिलका निस्सा तथा प्रमाणहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु/छौं। सरुवा सहमति पाउँ।

१ ई-रिक्सा धनी व्यक्ति/फर्म/कम्पनी वा संस्था को नाम, थरः-
२. ठेगानाः-
३. ई-रिक्सा दर्ता नं.
४. ई-रिक्साको किसिम:-
५. ई-रिक्सा बनाउने कम्पनीको नाम:-
६. ई-रिक्साको मोडेल निर्माण भएको सालः-
७. ई-रिक्साको चेसिस नं.-
८. व्याट्रीको संख्याः-
९. हर्ष पावर सि.सि.:-
१०. ई-रिक्साको रङ्ग:-

११.ई-रिक्सामा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट र टेलिफोन आदि)

१२.ई-रिक्साको बजन क्षमताः-

(क) कुल बजन:-

(ख) भारवहन क्षमता:-

(ग) सिट संख्या:-

१३.प्रयोग:-

१४. जाँचपास प्रमाणपत्रको अवधीः

१५. भन्सार तिरेको निस्साः-

(क) भन्सार कार्यालयको नाम:-

(ख) प्रज्ञापन पत्र नं.:-

(ग) रसिद नं.:-

(घ) मिति:-

१६.प्रवेश दर्ता प्रमाण पत्रको निस्साः-

(क) प्रवेश दर्ताको निस्सा दिने प्रहरी कार्यालयको नाम:-

(ख) प्रवेश दर्ताको निस्सा दिएको मिति:-

(ग) प्रवेश दर्ता निस्सा नं.:-

१७.झिकाउने इजाजत पाएको निस्सा :-

(क) निस्सा दिने कार्यालय:-

(ख) निस्सा पत्र नं.:-

(ग) मिति:-

१८.अन्य प्रमाणको विवरण:-

दरखास्तवालको सही:-

नाम, थर:-

ठेगाना:-

मिति:-

कार्यालय प्रयोजनको लागि

ई-रिक्सा निरीक्षणको व्यहोरा:-

.................................................................

| ............................. | ..................... | ........................... |
|---|---|---|
| **निरीक्षण गर्ने प्राविधिकको सही** | **फाँटवालाको सही** | **प्रमाणित गर्ने सही अधिकरीको सही** |

## अनुसूचि-७

## (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## ई-रिक्साको उपकरण रé परिवर्तन, हेरफेर वा हेरफेर दर्ता गर्न दिइने दरखास्त

**श्री धरान उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, कोशी प्रदेश,नेपाल**

मेरो/हाम्रोनाममा दर्ता रहेको दर्ता नं. ................. ई-रिक्साको चेसिस/रङ्ग/सिट/स्वरुप/ ई-रिक्साको नम्बर रङ्ग परिवर्तन/हेरफेर गर्नु पर्ने भएकोले आवश्यक दस्तुर र प्रमाण संलग्न राखी दरखास्त दिएको छु/छौं । ई-रिक्सा जाँची बुझी.................परिर्वतन/हेरफेर गर्न स्वीकृति पाँउ । फरक परेमा कानून बमोजिम सहुँला/बुझउला ।

१. ई-रिक्सा धनीको नाम थर र ठेगानाः-
२. ई-रिक्सा दर्ता नं.-
३. ई-रिक्साको किसिमः-
४. ई-रिक्सामा परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता गर्नु परेको कारणः-
५. भन्सार गरी ल्याएको भए भन्सार प्रज्ञापनपत्र र रसिद नं.-
६. जाँचपास प्रमाणपत्र नं. र अवधीको विवरणः-
७. अन्य कागजातः-

दरखास्तवालको सहीः-
नाम, थरः-
ठेगानाः-

मितिः-

ई-रिक्सा उपकरण, परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता सम्बन्धमा प्राविधिकको रायः-

.................................... ....................

ई-रिक्सा जाँच्ने प्राविधिको सही फाँटवालाको सही

